# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर कैलाली
सुदूरपश्चिम प्रदेश

सम्पर्क नं.
नगर प्रमुख : ०९१-५६०३८०
प्रमुख प्र.अ. : ०९१-५६०११८
प्रशासन शाखा : ०९१-५६०८१६

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :२०८०/०८१
चलानी नं.: ८१

मिति: २०८०/०४/०८

श्री सम्पूर्ण वडा कार्यालय ( १ देखि ९ सम्म)
टीकापुर ,कैलाली ।

विषय : आयोजना छनोट गरि पठाई दिने बारे ।

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व २०८०/०८१ मा आयोजना संचालन गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( संचालन तथा व्यवस्थापन ) कार्यविधि २०७७ को परिच्छेद ३ आयोजनाको तर्जुमा तथा रोजगारीमा खटाउने प्रक्रिया को (२) को उपदफा (१) वमोजिम आयोजना छनोटको क्षेत्रहरु क्रमश सडक निर्माण तथा मर्मत सम्भार ,कृषि तथा सिचाई ,ग्रामिण खानेपानी ,स्वास्थ्य तथा सरसफाई,शिक्षा ,वन तथा जलाधार र पर्यटन शिर्षक अन्तर्गत र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन कार्यविधि ,२०७९ को परिच्छेद-१ अन्तर्गत रही आयोजना छनौट गरि यस कार्यालयमा पठाउन हुन सादर अनुरोध छ।

उक्त कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( संचालन तथा व्यवस्थापन ) कार्यविधि २०७७ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन कार्यविधि ,२०७९ सम्वन्धि विस्तृत विवरण यसै पत्र साथ पेश गरिएको व्यहोरा सम्पूर्णमा अनुरोध छ साथै छनौट गरि पठाईएका आयोजना स्वीकृत गरी संचालन गर्नु पर्ने भएकाले यथासिघ्र पठाउन हुन सम्बन्धित सबैमा अनुरोध छ।

..................
दमन सिंह चौधरी
उपसचिव
दमनसिंह चौधरी
उप-सचिव

URL: www.tikapurmun.gov.np
Email : tikapurmun@gmail.com

CamScanner

# कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन: ०१-४२००४७७ इमेल: info@pmep.gov.np वेबसाइट: pmep.gov.np

CamScanner

(छ) "सामुदायिक आयोजना" भन्नाले समुदायस्तरमा सञ्चालन हुने श्रम प्रधान सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक रोजगारमूलक आयोजनालाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## रोजगारमूलक आयोजनाको प्रकृति

३. आयोजनाको प्रकृति: स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन निर्देशिकाको दफा १९ को उपदफा (३) बमोजिम कामका लागि पारिश्रमिकमा आधारित देहायका प्रकृतिका रोजगार आयोजना सञ्चालन गर्न सक्नेछ:

(क) **सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजना:** सूचिकृत बेरोजगार व्यक्तिलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिकमा आधारित निर्माण कार्य (क्यास पर कन्सट्रक्सन वर्क) सँग सम्बन्धित समुदायस्तरको आयोजना सञ्चालन ।

(ख) **सार्वजनिक पूर्वाधार मर्मत सम्भारमा रोजगारमूलक आयोजना:** स्थानीय तह भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने (क्यास फर मेन्टेनेन्स वर्क) गरी कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन ।

(ग) **श्रमिकको ज्याला रकममा साझेदारी आयोजना :** सार्वजनिक क्षेत्रबाट कार्यान्वयनमा रहेका आयोजनामा सूचिकृत बेरोजगारलाई संलग्न गराइ सोको लागि आवश्यक ज्याला वापतको रकममा यस कार्यक्रमको पूर्ण वा आंशिक साझेदारी (लेवर वेज सेयरिङ्ग) गरिने आयोजनाको सञ्चालन ।

(घ) **अन्य सार्वजनिक क्षेत्रका आयोजना :** सार्वजनिक रोजगारदाताले सञ्चालन गरेका निर्माण तथा अन्य कार्यमा श्रमिक माग भएमा रोजगार सेवा केन्द्रले सूचिकृत बेरोजगार खटाई सञ्चालन हुने आयोजना ।

## परिच्छेद ३
## आयोजनाको तर्जुमा तथा रोजगारीमा खटाउने प्रक्रिया

४. आयोजना तर्जुमा: (१) स्थानीय तहले यस कार्यक्रमको लागि वार्षिक योजना तर्जुमा गर्दा देहायका श्रममूलक सामुदायिक आयोजनालाई प्राथमिकता दिनु पर्नेछ :-



CamScanner

(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,

(ख) उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,

(घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने, र

(ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुर्याउने ।

(२) उपदफा (१) बमोजिम सामुदायिक आयोजना छनौट गर्दा देहायका क्षेत्र भित्र मात्र पर्ने गरी छनौट गर्नु पर्नेछः-

(क) सडक निर्माण तथा मर्मत सम्भार

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा बिक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा बिक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी

- खानेपानी आयोजनाको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसफाइ

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारको निर्माण तथा सो को मर्मत सम्भार

(ङ) शिक्षा



CamScanner

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

(३) उपदफा (२) बमोजिमको श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरी आयोजना बैंक (प्रोजेक्ट बैङ्क) तयार गर्नु पर्नेछ र यसरी स्वीकृत भई आयोजना बैंकमा रहेका आयोजनाहरुबाट प्राथमिकताक्रममा रहेका बेरोजगार व्यक्तिको संख्याको आधारमा कार्यपालिकाको निर्णयानुसार आयोजना सञ्चालन गर्नुपर्नेछ ।

तर कार्यक्रमबाट प्राप्त भएको बजेटलाई स्थानीय तहको वडाको संख्याका आधारमा दामासाहीले (समानरुपमा) वितरण गर्ने गरी बजेटको विनियोजन तथा सो अनुसार आयोजना कार्यान्वयनका लागि प्राथमिकताक्रम निर्धारण गर्न पाइने छैन ।

(४) समान उद्देश्य प्राप्तिका लागि अन्य सरकारी निकाय वा गैर सरकारी वा समुदायमा आधारित संस्थाबाट आयोजना सञ्चालन हुने अवस्थामा आयोजनामा दोहोरो नपर्ने गरी लागत साझेदारीको अंश स्पष्ट खुलाइ सहकार्य गर्नु पर्नेछ ।

५. <u>रोजगारीमा खटाउन आयोजनाको प्राथमिकिकरण:</u>(१) स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध हुने गरी दफा ४ बमोजिमका आयोजना कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना प्राथिमिकिकरण गर्दा साझेदारीमा सञ्चालन हुने दफा ३ को खण्ड (ग) का आयोजनालाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने आयोजनाबाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यक्तिको सूचीको पहिलो प्राथमिकताक्रममा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीको सुनिश्चितता गरिसके पछि क्रमश: तल्लो प्राथमिकताक्रमको बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारीमा खटाउनु पर्नेछ ।



CamScanner

# युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना
# (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

सिंहदरबार, काठमाडौं

CS CamScanner

# युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९

**स्वीकृत मितिः २०७९/०८/१८**

<u>प्रस्तावना</u> : देशभित्र रोजगारीको अवसर सिर्जना गरी उपलब्ध अवसरहरुमा लक्षित वर्गको पहुँच अभिवृद्धि र रोजगार सेवा तथा सुविधाको विस्तारबाट श्रम बजारमा सुधार ल्याउने उद्देश्यका साथ विश्व बैङ्कको ऋण सहायतामा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यो कार्यविधिको नाम "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ भई आयोजना अवधिभर लागू हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना दस्तावेज" भन्नाले युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना सञ्चालनका लागि नेपाल सरकार र विश्व बैङ्कले मिति २०७६/०८/११ मा स्वीकृत आयोजना दस्तावेजलाई सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले यस कार्यविधि अनुसार विश्व बैङ्कको ऋण सहायतामा सञ्चालन हुने युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनालाई सम्झनु पर्छ।

(ग) "इकाई" भन्नाले दफा १० बमोजिमको आयोजना व्यवस्थापन इकाई सम्झनु पर्नेछ।

(घ) "ऐन" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सम्झनु पर्छ।

(च) "नियमावली" भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ लाई सम्झनु पर्छ।

CamScanner

(छ) "निर्देशक समिति" भन्नाले दफा ८ बमोजिमको आयोजना निर्देशक समिति सम्झनु पर्छ।

(ज) "निर्देशिका" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ लाई सम्झनु पर्छ।

(झ) "प्राविधिक समिति" भन्नाले दफा ९ बमोजिमको आयोजना प्राविधिक समिति सम्झनु पर्छ।

(ञ) "बेरोजगार व्यक्ति" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (ङ) ले परिभाषित गरेको व्यक्तिलाई सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्नेछ।

(ठ) "युवा" भन्नाले यस आयोजनाको कार्यान्वयनमा सोह्र वर्ष उमेर पुरा भई चालिस वर्ष पुरा नभएको उमेर समूहका महिला, पुरुष तथा तेस्रो लिङ्गी समेतलाई सम्झनु पर्छ।

(ड) "राष्ट्रिय आयोजना निर्देशक" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रधानमन्त्री रोजगार कार्यक्रम हेर्ने राष्ट्रिय कार्यक्रम निर्देशकलाई सम्झनु पर्छ।

(ढ) "रोजगार आयोजना" भन्नाले युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत छनौट भएका व्यक्तिहरुलाई एक आर्थिक बर्षमा १०० दिन सम्मको अस्थायी रोजगारी उपलब्ध गराउन स्थानीय तहले सञ्चालन गर्ने आयोजना तथा ज्याला भुक्तानी हुने सीप विकास सहितका क्रियाकलापहरू सम्झनु पर्छ।

(ण) "रोजगार संयोजक" भन्नाले निर्देशिकाको दफा ४५ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्छ।

(त) "रोजगार सेवा केन्द्र" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० अनुसार स्थानीय तहमा सञ्चालन भएका सेवा केन्द्रलाई सम्झनु पर्छ।

(थ) "रोजगारी" भन्नाले न्यूनतम रोजगारी लगायत कार्यस्थलमा आधारित सीप विकास तालिम र जीवन उपयोगी सीप विकास तालिम सहितको एक आर्थिक वर्षमा एक सय दिनको अस्थायी रोजगार अवधीलाई सम्झनु पर्छ।

(द) "लक्षित वर्ग" भन्नाले दफा ६ बमोजिमको लाभग्राहीलाई सम्झनु पर्छ।

(ध) "विकास साझेदार" भन्नाले यस आयोजना सञ्चालनका लागि ऋण सहायता उपलब्ध गराउने विश्व बैङ्क समूहको अन्तर्राष्ट्रिय विकास संघलाई सम्झनु पर्छ।

(न) "वित्तीय सम्झौता" भन्नाले नेपाल सरकार र विश्व बैंङ्क वीच २०७६ मंसिर ११ मा आयोजना कार्यान्वयनका भएको वित्तीय सम्झौतालाई सम्झनु पर्छ।

CamScanner

(प) "सशर्त अनुदान" भन्नाले अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा ९ बमोजिम यस आयोजना सञ्चालनका लागि प्रदेश सरकार तथा स्थानीय तहमा निश्चित नियम र शर्तहरु पालना गरी कार्यान्वयन गर्न उपलब्ध गराइएको अनुदान रकम सम्झनु पर्छ।

(फ) "सेवा प्रदायक" भन्नाले सेवा प्रदान गर्ने सरकारी, गैर-सरकारी, निजी, अथवा सामुदायिक संस्था, फर्म र व्यक्ति समेतलाई सम्झनु पर्छ।

(ब) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई बुझाउछ।

(भ) "वातावरण तथा सामाजिक संरक्षण खाका" भन्नाले नेपाल सरकारद्वारा तयार गरी २०७६ जेठ १५ मा सार्वजनिक गरी अंगिकार गरिएको वातावरणीय तथा सामाजिक व्यवस्थापन खाकालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## आयोजनाको लक्ष्य, उद्देश्य र लक्षित वर्ग

३. आयोजनाको लक्ष्य : रोजगारीका अवसरहरुको सिर्जना, सीप तथा क्षमता अभिवृद्धि र रोजगार सेवाको विस्तार मार्फत युवाहरूको श्रम बजारको परिणाममा सुधार ल्याउनु यो आयोजनाको लक्ष्य हुनेछ।
स्पष्टिकरण : श्रम बजारको परिणाम भन्नाले श्रमिकको आयमा वृद्धि तथा लक्षित वर्गको जीवनयापनमा सुधारको अवस्थालाई जनाउनेछ।

४. आयोजनाको उद्देश्य : यस आयोजनाले प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध भई देहाय बमोजिमको उद्देश्यहरु प्राप्त गर्नेछ :-

(क) रोजगारीको सेवा, सुविधा र प्रणालीमा विकास तथा विस्तार गरी लक्षित वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गर्ने,

(ख) रोजगारीका अवसरहरुको सिर्जना गर्ने,

(ग) रोजगार सेवाको प्रवर्द्धन मार्फत बेरोजगारीको दरलाई न्यूनीकरण गर्ने।

५. आयोजनाका कम्पोनेन्ट : यस आयोजना अन्तर्गत देहायका कम्पोनेन्टहरु रहनेछन :-

**(क) रोजगार प्रवर्द्धन प्रणाली र सेवाको सुदृढीकरण**

(१) रोजगारीको अवसरमा पहुँच वृद्धि गर्ने,

(२) राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने।

**(ख) जोखिमपूर्ण अवस्थामा रहेका समूहका लागि श्रम बजारको उपलब्धिमा सुधार**

CamScanner